

# ३ साबथः स्वतन्त्रताको दिन

***यस अध्यायका मूल पदहरू:*** प्रस्थान १६:१६-१८, प्रस्थान २०:८-११, व्यवस्था ५:१२-१५, मत्ती १२:९-१३ र लेबी २५:१-७।

***यस अध्यायको मूल सार पद:*** **"अनि उहाँले तिनीहरूलाई (यहूदी पण्डितहरूलाई) भन्नुभयो, "साबथ मानिसको निम्ति सृष्टि गरिएको हो, साबथको निम्ति मानिस सृष्टि गरिएको होइन।" (मत्ती २:२७ रूपापन्तरित)।**

जब परमेश्वरले आफ्नो सारा सृष्टिकोकाम हप्ताभरिमा सक्नुभयो तब उहाँले अन्तिम सृष्टिको काम साबथको अवधारणालाई सृजनुभएको थियो। त्यस दिन परमेश्वरले आफ्नो सबै काम सक्नुभएर विश्राम लिनुभयो भनेर बाइबलमा बताइएको छ। तर त्यो विश्राम उहाँको निम्तिमात्र नभएर सारा संसारले अपनाउनुपर्ने जीवनशैलीको अभिन्न भागको रुप सृष्टि भएको थियो। साबथ कुनै धर्मको नाउँमा अपनाउने नभएर परमेश्वर र हामीहरूको बीचमा र एक आपसको बीचमा पारस्परिक सम्बन्ध राख्न साथै सम्पर्क जारि राख्न सृजना गरिएको थियो।

त्यसकारण परमेश्वरले आफ्ना जनहरूको निम्ति दिनुभएको आदर्श तथा उहाँको योजनामुताविक चल्ने नीति दश आज्ञाहरूमा साबथ समावेश हुनु कुनै अचम्मको कुरो थिएन। कुनै धर्म वा जातीयता सृष्टि नभएको सृष्टिकै सुरूमै दिइएको साबथ, उहाँको योजनामा चल्नको निम्ति स्थापना गरिएको इस्राएली राष्ट्रलाई मरुभूमिको यात्राको सुरूमै फेरि पनि याद दिलाउन आफ्नो आवाजद्वारा र पत्थरमा कुँदेर दिनुभएको थियो। हिब्रू तथा यहुदी जातिहरूको जीवनमा साबथको गरिमाले निर्णायक भूमिका खेल्नुपर्दथ्यो। प्रायजसो जब हामी साबथको बारेमा चर्चा गर्दछौं त्यसलाई कसरी पालन गर्ने भनेर हामीहरू चर्चालाई मोड्छौं। साबथमा हामीले के गर्नुहुन्छ, के गर्नुहुन्न आदि। ती

जिज्ञासाहरू महत्त्वपूर्णै भएतापनि साबथले यस संसारमा  महत्त्वपूर्ण भूमिका खेल्न योजनावद्ध अर्थात् खाका तयार पारिएको थियो भन्ने कुरालाई हामीले बुझ्न अत्यन्तै जरुरी छ। परमेश्वरका जनहरूको जीवनमा परमेश्वरले उपलब्ध गराउनुभएको अनेकौं प्रावधान र अनुग्रहको प्रतीक साबथ हो भन्ने कुरा प्रत्येक येशूभक्तको मनमा घुसाउनु जरुरी छ।

येशूले स्पष्टरूपमा भन्नुभएको थियो "सारा मानव जातिको निम्ति साबथ सृष्टि गरिएको हो।"  यदि हामीले सत्यरूपमा वा हृदयभित्र गाँसिएर "साबथ दिन याद गर्नु" भन्ने परमेश्वरको आदेशलाई मनमा राख्न सक्यौं भने हप्ताको प्रत्येक दिनमा यसले हामीलाई परिवर्तन गर्नेछ। येशूकै जीवनमा देखाइएको अनुसार यो दिन अरूको निम्ति पनि आशिषको साधन हुनसक्छ।

## १. प्रसस्त मन्ना

पुस्तौंसम्म इजिप्टका जनता र शासकहरूले परमेश्वरका जनहरूलाई दास बनाएका थिए। तिनीहरूलाई थिचोमिचो गरि तिनीहरूको सामाजिक, आर्थिक र वैयक्तिक अधिकारमाथि अतिक्रमण गरेर तिनीहरूलाई ती इजिप्टका मानिसहरूले धेरै कमजोर बनाएका थिए। अब भर्खरै स्वतन्त्र भएका मानिसहरूलाई तिनीहरूको जीवन न्यायोचितरूपमा उकास्न परमेश्वरले तिनीहरूलाई विभिन्न नीति नियमहरू दिनुभएको थियो। तिनीहरूलाई पालन गरे मानिसहरूको जीवनस्तर र जीवनशैलशी उत्तम हुँथ्यो। तिनीहरूको समाज व्यवस्थित रूपमा चल्ने थियो। तर इस्राएलीहरूको जीवनस्तरलाई उचाल्ने प्रक्रियाहरूमा एउटा प्रतीकको रूपमा दिइएको व्यवहारिक र शिक्षाप्रद पाठलाई तिनीहरूले अङ्गाल्नुपरेको थियो।

मरुभूमिमा ४० वर्षको घुमफिरको यात्रामा र बारम्बार परमेश्वरसँगको तिनीहरूको सम्बन्धहरू जस्तोसुकै तीतो भएतापनि तिनीहरूको दैनिक जीवनलाई सुचारुरूपमा चलाइराख्न उहाँले तिनीहरूलाई एक प्रावधान उपलब्ध गराइरहनुभएको थियो। त्यो प्रावधान परमेश्वरको निश्वार्थताको ज्वलन्त उदाहरण थियो। इस्राएलीहरूको समाजमा पनि परमेश्वरको हेरचाह गर्ने र निश्वार्थ चरित्रलाई गाभ्नु पर्दथ्यो। इस्राएलीहरूलाई परमेश्वरको निरन्तर उपस्थिति र निश्वार्थ प्रेमको प्रतीक देखाउन उहाँले तिनीहरूलाई मन्ना दिनुभएको थियो जुन् इस्राएलीहरूको शिविरमा प्रत्येक बिहान देखा परेको थियो।

त्यो मन्ना इस्राएलीहरूको शिविरमा देखा पर्दा प्रत्येक मानिसले दिनदिनै आफूलाई पुग्ने गरेर जम्मा गर्नु भनेर प्रस्थान १६:१०-२१मा लेखिएको छ। त्यसरी जोड दिएर अऱ्हाएको कुराको विशेष अर्थ के हो? हेर्नुहोस्: "१० अनि इस्राएलका सारा समुदायसित हारून बोल्दा, तिनीहरूले उजाड़-स्थानतिर हेरे। त्यहाँ परमप्रभुको महिमा बादलमा देखियो। ११ परमप्रभुले मोशालाई भन्नुभयो, १२ "इस्राएलीहरूको गनगन मैले सुनेको छु। तिनीहरूलाई भन्, "बेलुकी तिमीहरूले मासु खानेछौ, र बिहान रोटीले अघाउनेछौ। तब म परमप्रभु तिमीहरूका परमेश्वर रहेछु भन्ने तिमीहरूले थाहा पाउनेछौ"। १३ तब बेलुकी बट्टाई चराहरू आएर छाउनी नै ढाके, र बिहानचाहिँ छाउनीका चारैतिर शीत परिरह्यो। १४ जब त्यो शीत सुक्यो तब जमिनमा परेको तुसारोझैं स-साना डल्ला उजाड़-स्थानभरि रहेछन्। १५ इस्राएलीहरूले त्यो देखेर आपसमा भन्न लागे, "यो के हो? " किनकि तिनीहरूले त्यो के हो भनी जान्दैनथे। मोशाले तिनीहरूलाई भने, "यो परमप्रभुले तिमीहरूलाई दिनुभएको रोटी हो। १६ परमप्रभुले यो आज्ञा गर्नुभएको छः "यसबाट हरेकले आफूले खाने जति बटुल। तिमीहरूका आफ्नो-आफ्नो पालमा हुने हरेकको निम्ति एक-एक ओमेर बटुल" (एक ओमेर आधा पाथी जति हो, पद ३६)।" १७ इस्राएलीहरूले त्यसै गरे, कसैले धेरै, कसैले थोरै बटुले। १८ जब तिनीहरूले त्यो ओमेरले नापे, तब धेरै बटुल्नेको ज्यादा भएन र थोरै बटुल्नेको कम भएन। तिनीहरू हरेकले आफूले खाने जति नै बटुले।

१९ तब मोशाले तिनीहरूलाई भने, "कसैले पनि त्यसबाट केही पनि बिहानसम्म नराखोस्।" २० तर तिनीहरूमध्ये कसैले मोशाको कुरा सुनेनन्, र तिनीहरूले त्यसबाट केही भाग बिहानसम्मै राखे। तर त्यसमा कीरा लागेर गन्हाउन लाग्यो। मोशा तिनीहरूसित रिसाए। २१ यसरी बिहान-बिहान तिनीहरू हरेक मानिसले आफूले खाने जति बटुल्थे, र घाम छिप्पिएपछि त्यो बिलाइहाल्थ्यो।"

इस्राएलीहरूको दिनदिनै मन्ना बटुल्ने अनुभव इसाईहरूले सिक्नुपर्ने पाठहरूको एक उदाहरण हो भनेर पावलले २ कोरन्थी ८:१०-१५मा यसरी व्यक्त गरेका छन्: "८ मैले यो आज्ञाको रूपमा भनेको होइनँ, तर अरूहरूको जोशसँग तुलना गरेर तिमीहरूको प्रेम पनि साँचो हो भन्ने प्रमाणित गर्नलाई मैले यो भनेको हुँ। ९ किनकि हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई थाहा छ, उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरूका खातिर उहाँ गरीब

हुनुभयो, ताकि उहाँको गरीबीबाट तिमीहरू धनी हुन सक। १० अब यस विषयमा चाहिँ मेरो सल्लाह यही छः एक वर्षअघि जुन दिने काम तिमीहरूले सुरु गरेका मात्र होइन, तर त्यो गर्ने उत्कट इच्छा पनि गरेका थियौ, त्यसलाई अब पूरा गर्नु तिमीहरूका निम्ति असल हुन्छ। ११ इच्छा गर्नमा तिमीहरूको जुन तत्परता थियो त्यसैमुताबिक आफ्नो औकातअनुसार दिएर यस कामलाई पूरा गर। १२ किनभने दिने तत्परता छ भने मानिससित भए अनुसारको दान नै ग्रहणयोग्य हुन्छ, नभएअनुसारको होइन। १३ तिमीहरूलाई भार होस् र अरूलाई हलुका होस् भनेर मैले यो भनेको होइनँ, १४ तर समानताको हिसाबले यस वर्तमान समयमा तिमीहरूको प्रशस्तताबाट तिनीहरूको अभाव पूरा होस्, र तिनीहरूको प्रशस्तताले तिमीहरूको अभाव पूरा गरिदेओस्। यसरी सबैमा समानता होस्, १५ जसो लेखिएको छ, "धेरै बटुल्नेसित बढ़ी केही रहेन, र कम बटुल्नेहरूलाई अभाव भएन'।"

इस्राएलीहरूले मात्र होइन हामीले पनि सिक्नुपर्ने पाठ त यो हो कि परमेश्वरले आफ्ना जनहरू र सृष्टिको निम्ति प्रसस्त थोकहरू उपलब्ध गराउनुभएको छ। यदि हामीहरूको आवश्यकता अनुसारमात्र भोगचलन गऱ्यौं र बढीभएका आशिषहरू अरूलाई पनि बाँड्न राजी भयौं भने सबैको राम्रैसँग हेरचाह हुन्थ्यो र सबैलाई चाहिने आवश्यक कुराहरू उपलब्ध हुन्थ्यो। दिनदिनै चाहसँदफ मन्ना बटुल्ने प्रक्रियाले ती इस्राएलीहरूले परमेश्वरमाथि भरोसा राख्न सिक्थे जसले गर्दा अर्को दिन पनि तिनीहरूलाई आवश्यकताको परिपूर्ति हुन्थ्यो। सयौं वर्षसम्म दविएर, दासत्वको जीवन बिताउनु परेका इस्राएलीहरू केवल आफ्नो जीउने स्वार्थमामात्र केन्द्रित हुनु स्वभाविकै थियो तर तिनीहरूमा परमेश्वरमाथिको भरोसाको जीवन, उदारता र बाँड्ने संस्कार पनि बसोस् भन्ने उहाँको चाहना थियो।

तर त्यस मन्नाको पाठको अर्को अत्यन्तै महत्त्वपूर्ण र उल्लेखनीय पक्ष पनि छ। प्रत्येक शुक्रवार इस्राएलीहरूको शिविरमा अरू दिनभन्दा दोबर मन्ना आकाशबाट झर्दथ्यो। अनि त्यही दिनमामात्र इस्राएलीहरूले साबथको तयारीको निम्ति थप मन्ना बटुल्नुपर्दथ्यो। साबथ दिनमा नपर्ने मन्ना तर त्यस दिनको निम्ति अघिल्लो दिनमै (शुक्रवारमात्रै अरू दिनमा होइन) पर्ने थप मन्नाले इस्राएलीहरूले आफ्नो आवश्यकताको निम्ति परमेश्वरमाथि भरोसा राख्नुपर्ने थप पाठ सिक्नुपरेको थियो। हप्ताको छैटौं दिन वा शुक्रवारमामात्र परमेश्वरको अनुग्रहले दिनुभएको थप मन्नाले परमेश्वरले अऱ्हाउनुभएको

हप्ताको सातौं दिन साबथको बिश्राम दिनमा अझ हर्षोउल्लाससाथ मनाउन तिनीहरूलाई बल पुगेको थियो।

**हामीले शुक्रवारहरूमा के गर्नसक्छौं जसले गर्दा परमेश्वरले हामीहरूको आशिषको निम्ति दिनुभएको साबथमा अझ रमाइलो गरेर दिन बिताउन सकौं?**

## २. साबथ दिइनुको दुई कारणहरू

**प्रस्थान २०:८-११ र व्यवस्था ५:१२-१५मा चौथौं आज्ञालाई केही हदसम्म दुई संस्करणमा प्रस्तुत गरिएको छ। यद्यपि ती दुवै एक अर्काका आपसको परिपुरक हुन् भनेर कसरी देखाउँछ? हेर्नुहोस्: प्रस्थान २०:८-११ "८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" र व्यवस्था ५:१२-१५ "१२ परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम शबाथ-दिन पवित्र राख्न याद राख्नू। १३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १४ तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू। आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।"**

साबथको बारेमा उपर्युक्त दुवै संस्करणहरूमा एक महत्त्वपूर्ण शब्द उल्लेख गरिएको छ: त्यो हो सम्झनु वा याद गर्नु। परमेश्वरले यो शब्द किन प्रयोग गर्नुभयो त? कुनै पनि यहुदी जातिको सुरुवातभन्दा अघि नै सृष्टिको

सुरूमा सृजना गरिएको साबथलाई याद गर्नुको अर्थ परमेश्वरले आफ्ना जनहरूसँग पुन सम्बन्ध स्थापना गर्न चाहनुभएको देखाउँछ। परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र मुक्तिदाता हुनुहुन्छ भन्ने तथ्यमा केन्द्रित भएको त्यो साबथले हाम्रो सम्बन्ध उहाँसँग हुनुपर्ने कुरालाई औंल्याउँछ। ती दुवै तथ्यहरू साबथको दुवै संस्करणहरूमा देखाइएको छ। ती दुवै तथ्यहरूले साबथ र मानिसहरूले अपनाउनुपर्ने जीवनशैली बीच घनिष्ट सम्बन्ध रहेको देखाउँछ।

इस्राएलीहरू त्यस देशबाट निस्केर आएका थिए जहाँ मिथ्या देवीदेवताहरू वा मानिसको स्वभावलाईमात्र प्रतिबिम्ब गर्ने र मानिसहरूले नै बनाएका मूर्तिहरूलाई भगवान भनेर पूजा गर्दथे। सत्य सनातन परमेश्वरमात्र सृष्टिकर्ता हुनुहुन्छ भन्ने याद ती इस्राएलीहरूले गर्नुपर्ने आवश्यकता त्यहाँ थियो। परमेश्वरमात्र सृष्टिकर्ता हुनुहुन्छ भन्ने निर्णायक प्रमाण केवल साबथमात्र थियो। हप्ताको पहिलो दिन अर्थात् आइतबारदेखि बिहिबारसम्म दिनदिनै चाहिँदो मन्ना जम्मा गर्नुपर्ने आदेशमा हप्ताको छैटौं दिन अर्थात् शुक्रवारको दिन दोबर जम्मा गर्नु पर्ने आदेशले परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर प्रमाणित गर्ने जोडदार प्रमाण थियो। साबथ अर्थात् शनिबारको दिन विहान एक थोपा पनि मन्ना आकाशबाट झर्दैनथ्यो। परमेश्वरको वचनलाई विश्वास नगरि त्यस दिनमा मन्ना बटुल्न चाहनेले दिनभरि भोकै बस्नुपरेको थियो। प्रस्थान २०मा परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर स्पष्टरूपमा प्रकट गरिएको छ। त्यसको बिपरीत व्यवस्था ५मा उल्लेख गरिएको चौथौं आज्ञामा उहाँले गर्नुभएको उद्धार, दिनुभएको मुक्ति र अनन्त जीवनको प्रतिज्ञालाई केन्द्रिभूत गरिएको छ। इस्राएलीहरूले आफ्ना साखासन्तानहरूलाई परमेश्वरको ती कार्यहरूको बारेमा नियमितरूपमा सुनाइरहनुपर्दथ्यो। विशेष गरेर प्रत्येक साबथमा ती कथाहरू सुनेर तीद्वारा आफ्नो पहिचान परमेश्वरसँग भएको ती इस्राएलीहरूले महसुस गर्नुपर्दथ्यो। तिनीहरूले सुन्नुपर्ने पहिलो कथामा परमेश्वरले वास्तविक भौतिकरूपमा मिश्रदेशको दासत्वबाट इस्राएलीहरूलाई कसरी उम्काउनुभएको थियो भन्ने कुरा समावेश भएको थियो। जब तिनीहरूले परमेश्वरको पराक्रम र उहाँको उद्धारको कामको बारेमा तिनीहरूले गर्नुपर्ने प्रशंसा र ज्ञान बढ्दै गए तब प्रत्येक साबथ पनि तिनीहरूको आत्मिक मुक्तिलाई पनि सम्झेर त्यो दिनलाई उत्सबको रूपमा मनाइनुपर्दथ्यो।

दुवै कारणहरूले-परमेश्वर सृष्टिकर्ता हुनुभएको र उहाँ उद्धारकर्ता हुनुभएको-साबथलाई यादगरेर मान्नुपर्ने कारण परमेश्वर र आफ्ना जनहरूको

बीचमा हुनुपर्ने सम्बन्ध र ती जनहरूको एक आपसको बीचमा हुनुपर्ने सम्बन्धको गरिमालाई औंल्याउँछ। परमेश्वरले स्पष्टरूपमा भन्नुभएको छः "मेरा साबथ मैले तिनीहरूलाई दिएँ। त्यो हामीहरूको बीचमा सम्बन्ध गाँसिरहने छाप वा चिन्हको रूपमा दिइएको थियो। तिनीहरूलाई पवित्र पार्ने प्रभु मनै हुँ भन्ने तथ्यलाई पुष्टि गर्न मैले साथब दिएको हुँ।" (इजकिएल २०:१२ रूपान्तरित)। सृष्टिको समयदेखिको इतिहासले हामीलाई देखाउँछ कि साबथ केवल यहुदी जातिहरूको निम्तिमात्र भनेर कहिल्यै पनि दिइएको थिएन। परमेश्वर र मानिसको बीचमा हुनुपर्ने सम्बन्धको जग साबथ भएकोले तिनीहरूले त्यसैमा आधारित नयाँ खालका समाजको गठन गर्नुपर्थ्यो। त्यो समाजमा परदेशी र विश्वको मानव समाजले पनि उपभोग गर्ने आशिषको प्रावधान समावेश भएको थियो। "त्यसैकारण परमप्रभु परमेश्वरले साबथ दिनको पालन गर्न तिमीहरूलाई आदेश दिनुभएको थियो।" (व्यवस्था ५:१५ रूपान्तरित)। जब हामी साबथलाई सृष्टिको सम्झना र हाम्रो मुक्तिको सम्झना भन्दै खुशियालीका साथ मनाइरहँछौं तब परमेश्वरसँगमात्रै हामीहरूको सम्बन्ध निरन्तररूपमा बढ्ने नभएर हाम्रो वरिपरिरहेका मानिसहरूसँग पनि सुमधुर सम्बन्ध स्थापित भइरहन सक्छ। परमेश्वर हाम्रो निम्ति अनुग्रही हुनुभएको छ, त्यसकारण हामी पनि अरूको निम्ति दयालु र अनुग्रही हुनुपर्दछ।

**साबथको गरिमालाई बुझेर सम्झेर त्यसले हामीहरूलाई अझ असल, दयालु, करुणामय र वास्ता गर्ने चरित्रलाई मजबुत पार्न आवश्यक छ। साबथमा हामी के के गर्नसक्छौं जसले हामीहरूलाई हामी परमेश्वरको असल नागरिक हौं भनेर झल्काउन सक्दछौं**?

## ३. समानताको दिन

जब प्रस्थान २० र व्यवस्था ५मा उल्लेख गरिएका परमेश्वरका दश आज्ञाहरूलाई सरसर्ती पढिन्छ तब चौथौं आज्ञामा अरूभन्दा धेरै विवरणहरू गाँसिएको पाइन्छ। प्रायजसो बाइबलका संस्करणहरूमा अरू आज्ञाहरू केवल तिन वा केही शब्दहरूमात्र प्रयोग गरिएको छ (अझ हिब्रू भाषामा त केवल दुई शब्दमात्र)। तर चौथौं आज्ञालाई राम्रोसँग बुझाउन अरूभन्दा धेरै शब्दहरू प्रयोग गरिएका छन्। यसमा साबथ दिन सम्झन केको लागि, कस्को लागि र किन भनेर विस्तृत विवरण उल्लेख गरिएको छ।

प्रस्थान २०:८-११ पढ्नुहोस्। त्यसमा नोकरचाकर, विदेशी वा पाहुना, पशुहरूसमेत उल्लेख गर्नुको अर्थ के हो? "९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।"

उक्त साबथको विवरण अरूप्रति केन्द्रित गरिनु रोचक नै मान्नुपर्छ। संसारका सबै संस्कारहरूमा यस खालको आज्ञा विशेष हुन्छ भनेर बाइबलका विद्वान सिग्भ के. टोनस्टाडले जिकिर गर्छन्। साबथ आज्ञाको बारेमा व्याख्या गर्दै उनी भन्दछन्, "माथिबाट तल हेरेर होइन तर तलबाट माथि हेर्नु साबथको प्राथमिकता हुन्छ। समाजका सबभन्दा कमजोर र असुरक्षित वा आक्रमणमा पर्न सक्ने मानिसहरूप्रति प्रथम चासो देखाएर यो आज्ञा दिइएको छ। विश्राम लिनुपर्ने मानिसहरूमा नोकरचाकर वा दास, विदेशी पाहुना र हप्ताभरि भारी बोकेका पशुहरूलाई उल्लेख गरेर साबथको विशेषतालाई अलग्याइएको छ। समाजका कमजोर, पिछडिएका, निम्न वर्ग, अवसरबाट बंचित र केही बोल्न नसक्ने पशुहरूले पनि साबथलाई आफ्नो मित्र दिन भनेर त्यो दिनको अपेक्षा गर्न सक्दछ।"- *द लस्ट मिनिङ्ग अभ द सेभेन्थ डे (*मिशिगनः आन्द्रु, २००९), पृ. १२६,१२७बाट रूपान्तरित।

त्यसको अर्थ केवल जान्नेसुन्ने, धनिवर्ग, धर्ममा लाग्ने मानिसहरूलेमात्र होइन समाजका सबै वर्गहरूले साबथको दिनमा रमाइलो गर्नुपर्छ भनेर विशेष ध्यान त्यसमा दिइएको पाइन्छ। त्यसको अर्थ साबथको सामु हामी सबै समान छौं। कोही पनि ठूलो सानो भन्ने छैन। यदि तपाईं कर्मचारी वा कामदारहरूको हाकिम हुनुहुन्छ वा जमिन्दार हुनुहुन्छ भने तपाईंको मातहतमा काम गर्नेहरूलाई साबथमा काम गराउने तपाईंसँग अधिकार छैन भनेर परमेश्वरले नै आदेश दिनुभएको छ। समाजका परिश्रमी वर्गहरूले पनि विश्राम लिनुपर्ने दिन परमेश्वरले तोक्नुभएको थियो। यदि तपाईं हप्ताभरि श्रमजीवि वर्ग वा नोकरचाकर भएर काम गर्ने किन नहुन् तपाईं परमेश्वरको सामु समान रुपमा सृष्टि हुनुभएको छ र उहाँले तपाईंलाई उद्धार गर्नुभएको हो साथै यस साबथ

दिनमा अरू दैनिक दिनहरूमा काम गरेभन्दा विशेष रमाइलो गर्न परमेश्वरले तपाईंलाई आह्वान गर्नुभएको कुरालाई तपाईंले महसुस गर्नुपर्छ। तपाईंको घरदैलो वा गाउँसहरमा साबथलाई नमान्ने कोही विदेशी पाहुना भएतापनि (प्रस्थान २०:१० रूपान्तरित) तिनीहरूलाई साबथबाट फाइदा उठाउने अधिकार दिइएको छ।

यो धारणाले इस्राएलीहरूको दृष्टिकोणमा आमूल परिवरवर्तन ल्याइनुपर्दथ्यो किनकि तिनीहरू पनि भर्खरै दासत्व र पिछडिएको वर्गहरूबाट उद्धार गरेर ल्याइएका थिए। जब तिनीहरू नयाँ देशमा बसोबास गर्छन् तब तिनीहरूले पहिलाका शोषक शासकवर्गहरूको नीति नलिएर सबैमा समानता र सदभाव राख्दै नयाँ समाज स्थापना गर्नुपर्ने विषयमा परमेश्वरको चाहना थियो। ती इस्राएली साथै हामीहरूलाई पनि साबथमा राम्रोसँग व्याख्या गरेर हामी सबै परमेश्वरको सामु समान छौं भनेर देखाइएको छ। हरेक हप्ता अत्यन्तै प्रभावकारी रूपमा साबथको गरिमालाई याद गर्दै चल्न सकियो भने समस्त मानव समाजमा समानताको विषयले प्राथमिकता पाउने थियो।

**साबथको बारेमा तपाईंले अरूलाई कसरी सम्झाउन सक्नुहुन्छ वा तपाईंको समाजमा रहेका मानिसहरूले पनि तपाईंले पालन गर्नुभएको साबथले कसरी फाइदा उठाउन सक्दछन्?**

## ४. निको हुने दिन

सुरूमा परमेश्वरले साबथको बरदान मानिसहरूलाई दिनुहुँदा त्यसको उद्देश्य फराकिलो थियो र उहाँलाई विश्वास गरेर उहाँमाथि भरोसा राख्ने प्रत्येक मानव प्राणीलाई समेटेर तिनीहरूको हितको निम्ति होस् भन्ने कल्पना गरेर विश्राम दिन दिइएको थियो। तर जब येशू यस संसारमामा मानवरूप लिएर आउनुभयो त्यस बेलासम्म साबथलाई धर्ममामात्र सिमित गरेर यहूदी धार्मिक पण्डितहरूले परमेश्वरको चाहना भन्दा फरक ढङ्गले सावथलाई प्रस्तुत गर्न थालेका थिए। साबथलाई समानता र स्वतन्त्रताको दिन भनेर उत्साहित भएर मनाउनुपर्नेमा त्यसलाई अनेकौं मानवीय, परम्परा नीति र प्रतिवन्धित नियमहरू लाद्न लगाएर साबथ बोझको रूपमा ती धर्मगुरुहरूले कार्यान्वयन गरेका थिए। जब धर्मको नाउँमा अनेकौं परम्पराहरू विभिन्न दर्शनहरू अपनाएर मानिसहरूलाई साबथ जवरजस्ति मान्न लगाइएको थियो त्यसको बिरुद्धमा येशू उभिनुभएको थियो।

यहूदीहरूको परम्परा र शिक्षा अनुसार साबथमा नगर्नुपर्ने काम देखाउँदै येशूले ती परम्परावादीहरूको प्रतिकार गर्नुभएको थियो। त्यस दिनमा उहाँले धेरै निको पार्ने काम गर्नुभयो। साबथमै यहूदी धर्मगुरुहरूले अमान्य ठान्ने येशूले काम गरेर देखाउनु अत्यन्तै महत्त्वपूर्ण मान्नुपर्दछ। अरू दिनभन्दा साबथमा येशूले जानाजानी ती आश्चर्यका कामहरू गर्नुभएको थियो। साबथको गरिमा वा इज्जत कस्तो महत्त्वपूर्ण छ भनेर येशूले ती धर्मगुरुलाई देखाउन चाहनुभएको थियो। साबथमा येशूले बिरामीहरूलाई निको पार्नुभएपछि प्रायजसो त्यस दिनमा चङ्गाइ गर्नु उचित छ भनेर उहाँले टिप्पणी गर्नुभएको थियो। प्रायजसो साबथ दिनमा येशूले मानिसहरूलाई निको पार्नुभएको प्रमाण जुटाएर उहाँलाई मार्ने षड्यन्त्र गर्न फरिसीहरू तत्पर भएका थिए।

**साबथ दिनमै यहूदीहरूको मनस्थिति विरुद्ध शारीरिक कष्टमा र दुःखमा परेकाहरूलाई निको पार्नुभएको देहायका कथाहरूमा के महत्त्वपूर्ण सन्देश औँल्याइएको छ? हेर्नुहोस्: मत्ती १२:९-१५ "९ त्यहाँबाट (बारीबाट जहाँ येशूका चेलाहरूले अन्नका बालाहरू टिपेर खाएका थिए र फरिसीहरूले त्यसको बिरोध गरेका थिए) निस्केर उहाँ तिनीहरूको सभाघरमा जानुभयो। १० त्यहाँ एउटा हात सुकेको मानिस थियो। तिनीहरूले येशूलाई दोष लगाउने अभिप्रायले उहाँलाई सोधे, "के शबाथमा कसैलाई निको पार्नु उचित छ?**

**११ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसैको एउटा भेड़ा छ, र शबाथमा त्यो खाल्डोमा पऱ्यो भने, के तिमी त्यसलाई समातेर बाहिर निकाल्दैनौ ररु १२ भेड़ाभन्दा मानिस कति बढ़ी मूल्यवान् छ? यसैकारण शबाथमा भलो गर्नु उचित छ।" १३ तब उहाँले त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसाऱ्यो, र त्यो हात अर्को जस्तै सद्दे भइगयो। १४ तर फरिसीहरूले बाहिर गएर उहाँलाई कसरी नाश गरौं भनेर उहाँको विरुद्धमा मतो गर्न लागे। १५ तब त्यो कुरा थाहा पाएर येशू त्यहाँबाट गइहाल्नुभयो, र धेरै जना उहाँको पछि लागे, र उहाँले तिनीहरू सबैलाई निको पार्नुभयो, १६ र उहाँ को हुनुहुन्छ सो कसैलाई नबताउने चेताउनी तिनीहरूलाई दिनुभयो।", मर्कूस १:२१-३१ "२१ तब उहाँहरू कफर्नहुममा जानुभयो, र तुरुन्तै शबाथ-दिनमा सभाघरमा पसी उहाँले शिक्षा दिन लाग्नुभयो। २२ अनि तिनीहरू उहाँका शिक्षामा चकित भए। किनकि उहाँले तिनीहरूलाई शास्त्रीहरूले जस्तो होइन, तर अधिकारसँग सिकाउनुभयो। २३ त्यही बेला त्यस सभाघरमा अशुद्ध आत्मा भएको एक जना मान्छे थियो। २४ त्यसले यसो भन्दै चिच्च्यायो,**

"हे नासरतका येशू, हामीलाई तपाईंसँग के सरोकार? के तपाईं हामीलाई सर्वनाश पार्नलाई आउनुभएको हो? म तपाईंलाई चिन्छु, तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ।" २५ तर येशूले त्यसलाई यसो भन्दै हकार्नुभयो, "चूप लाग्, र त्यसबाट निस्किजा।" २६ त्यस मान्छेलाई लछारपछार पार्दै त्यो अशुद्ध आत्मा ठूलो स्वरले चिच्च्याएर त्यस मान्छेबाट निस्किगयो। २७ तब सबै जनाले अचम्म माने, र तिनीहरू यसो भन्दै आपसमा सोधासोध गर्न लागे, "यो के हो? यो त नयाँ शिक्षा रहेछ। यिनले त अधिकारसँग अशुद्ध आत्माहरूलाई पनि आज्ञा गर्छन्, र तिनीहरूले यिनका आज्ञा मान्दारहेछन्।" २८ अनि चाँड़ै नै येशूको कीर्ति गालीलको इलाका वरिपरि चारैतिर फैलियो। २९ अब उहाँ तुरुन्तै सभाघरबाट निस्केर याकूब र यूहन्नाका साथमा सिमोन र अन्द्रियासको घरमा पस्नुभयो। ३० सिमोनकी सासू जरोले थला परेकी थिइन्, र तिनीहरूले झट्टै उहाँलाई तिनको विषयमा भने। ३१ उहाँले नजिक आएर तिनको हात समाती तिनलाई उठाउनुभयो, र ज्वरोले तिनलाई छोडिहाल्यो। अनि तिनले उहाँहरूको सेवा गरिन्।", मर्कूस ३:१-६ "१ पछिबाट फेरि उहाँ सभाघरमा पस्नुभयो। त्यहाँ सुकेको हात भएको एक जना मानिस थियो। २ कतै उहाँले त्यसलाई शबाथ-दिनमा निको पार्नुहुन्छ कि भनी उहाँलाई दोष लाउन मानिसहरू उहाँको चेवामा थिए। ३ तब उहाँले सुकेको हात भएको मानिसलाई भन्नुभयो, " यता आऊ।" ४ उहाँले तिनीहरूलाई भन्नुभयो, "शबाथ-दिनमा भलो गर्नु कि खराबी गर्नु, प्राण बचाउनु कि नाश गर्नु, कुनचाहिँ उचित छ? तर तिनीहरू चूप लागिरहे। ५ तिनीहरूका हृदयको कठोरतामा दुःखित भई क्रोधित भएर उहाँले तिनीहरू सबैलाई हेर्नुभयो अनि त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसाऱ्यो र त्यसको हात निको भयो। ६ तब निस्केर गई उहाँलाई कसरी नाश पारौं भनी फरिसीहरूले तुरुन्तै हेरोदीहरूसँग उहाँको विरुद्धमा मतो गरे।" र यूहन्ना ९:१-३४ "१ त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो। २ उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो? ३ येशूले जवाफ दिनुभयो, "न त यसले पाप गऱ्यो न यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्। ४ मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन। ५ म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।"

६ यी कुरा भनेर उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो। ७ अनि उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलोआमको (जसको अर्थ हो, पठाइएको) तलाउमा गएर पखाल।" त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो। ८ त्यसका छिमेकीहरू र त्यसलाई भीख मागेको देख्नेहरूले भने, "बसेर भीख माग्ने मान्छे के यही होइन? ९ कसै-कसैले भने, "यो त्यही हो।" अरूले भने, "होइन, यो त्यहीजस्तो देखिन्छ।" त्यसले भन्यो, "म त्यही हुँ।" १० तब तिनीहरूले त्यसलाई सोधे, "तिम्रो आँखा कसरी खोलिए त? ११ त्यसले जवाफ दियो, "येशू भन्ने एक जना मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई भन्नुभयो, "सिलोआममा जाऊ र पखाल।" तब गएर मैले पखालें, र म देख्ने भएँ।"

१२ तिनीहरूले त्यसलाई भने, "तिनी कहाँ छन् त? त्यसले भन्यो, "म जान्दिनँ।" १३ अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरूले फरिसीहरूकहाँ ल्याए। १४ जुन दिन येशूले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शबाथ-दिन थियो। १५ फरिसीहरूले त्यसलाई सोधे, "तँ कसरी देख्ने भइस्? त्यसले तिनीहरूलाई भन्यो, "उहाँले मेरा आँखामा माटोको लेप लगाइदिनुभयो, अनि मैले पखालें र देख्ने भएँ।" १६ फरिसीहरूमध्ये कुनै-कुनैले भने, "त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकि त्यसले शबाथ-दिन पालन गर्दैन।" तर अरूहरूले भने, "कसरी पापी मानिसले यस्ता चिन्हहरू गर्न सक्तछ? र तिनीहरूका बीचमा फाटो हुन गयो। १७ तिनीहरूले त्यस अन्धालाई फेरि सोधे, "उसले तेरा आँखा खोलिदिएछ, अब उसको विषयमा तँ के भन्छस्? त्यसले जवाफ दियो, "उहाँ अगमवक्ता हुनुहुन्छ।"

१८ दृष्टि पाउने मानिसका आमाबाबुलाई बोलाएर नसोधुञ्जेल यहूदीहरूले त्यो अन्धो थियो र देख्ने भयो भनेर विश्वास गरेनन्। १९ तब तिनीहरूले उनीहरूलाई सोधे, "के यो तिमीहरूको छोरो हो जो अन्धो जन्मेको थियो भनी तिमीहरू भन्छौ? त अब कसरी त्यो देख्न सक्ने भयो? २० त्यसका आमा-बुबाले तिनीहरूलाई भने, "हामी जान्दछौं यो हाम्रो छोरो हो, र अन्धो जन्मेको थियो। २१ तर अब यो कसरी देख्ने भयो हामी जान्दैनौं, अथवा यसका आँखा कसले खोलिदिए त्यो पनि हामी जान्दैनौं। यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्। आफ्नो विषयमा त्यो आफै बोल्नेछ।" २२ त्यसका

आमा-बुबाले यी कुरा भने, किनकि उनीहरू यहूदीहरूदेखि डराउँथे। किनभने कसैले उहाँलाई ख्रीष्ट भनी स्वीकार गऱ्यो भने, त्यसलाई सभाघरबाट निकाल्नुपर्छ भनी यहूदीहरू अघि नै सहमत भएका थिए। २३ यसैकारण त्यसका आमा-बुबाले भने, "यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्।" २४ तब तिनीहरूले त्यस अन्धो मानिसलाई दोस्रो पल्ट बोलाएर भने, "परमेश्वरलाई महिमा दे। हामी जान्दछौं यो मान्छे पापी हो।" २५ त्यसले जवाफ दियो, "उहाँ पापी हुनुहुन्छ कि हुनुहुन्न, म जान्दिनँ। एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ, तर अब देख्दछु।" २६ तब तिनीहरूले त्यसलाई भने, "उसले तँलाई के गऱ्यो? उसले तेरा आँखा कसरी खोलिदियो? २७ त्यसले तिनीहरूलाई जवाफ दियो, "मैले तपाईंहरूलाई अघि नै भनिसकें, तर तपाईंहरूले सुन्नुभएन। अब फेरि किन सुन्न चाहनुहुन्छ? तपाईंहरू पनि उहाँका चेला हुन चाहनुहुन्छ कि कसो? २८ तिनीहरूले त्यसलाई गाली गर्दै भने, "तँ पो उसको चेला होस्, तर हामी त मोशाका चेला हौं। २९ हामीलाई थाहा छ मोशासँग परमेश्वरले बोल्नुभएको थियो, तर हामीलाई थाहा छैन यो मानिसचाहिँ कहाँको हो।" ३० त्यस मानिसले जवाफ दिई तिनीहरूलाई भन्यो, "कस्तो विचित्र कुरो! उहाँ कहाँबाट आउनुभएको हो तपाईंहरू जान्नुहुन्न, तर मेरा आँखा उहाँले खोलिदिनुभयो। ३१ हामी जान्दछौं कि परमेश्वर पापीहरूका कुरा सुन्नुहुन्न, तर परमेश्वरको भय मान्ने र उहाँको इच्छा पालन गर्ने व्यक्तिको कुरा परमेश्वरले सुन्नुहुन्छ। ३२ संसार सुरु भएदेखि यसो जन्मैको अन्धाका आँखा कसैले खोलिदिएको कुरा कहिल्यै सुनिएन। ३३ यदि यी मानिस परमेश्वरबाट नआउनुभएको भए उहाँले केही गर्न सक्नुहुनेथिएन।" ३४ तिनीहरूले त्यसलाई जवाफ दिई भने, "तँ त बिलकुलै पापमा जन्मेको थिइस्, र के अब तँ हामीलाई सिकाउन चाहन्छस्? अनि तिनीहरूले त्यसलाई बाहिर निकालिदिए।"

साबथ दिनको गरिमालाई येशूले अनुमोदन गरेर यो दिन महत्त्वपूर्ण छ भनेर सबैको अगाडि स्वीकार्नुभएको थियो। हो साबथ दिनमा के गर्नु उचित छ वा छैन भनेर त्यसको पालना गर्न केही सिमाना तोक्नु जरुरी छ। नत्र भने साबथले गर्दा परमेश्वरसँग, हामीहरूको परिवारसँग, हाम्रो चर्चसँग र हामीहरूको समाजसँग सम्बन्ध विशेष गरेर मजबुत पार्ने अवसर हामीले गुमाउनेछौं। अरू दिनहरूभन्दा साबथ दिन विशेष र अलग दिन हो भनेर हामीले ठान्नु जरुरी त छ नै। तर साबथ पालना गर्नुभनेको आफ्नै स्वार्थपूर्तिको

निम्ति प्रयोग गर्नु होइन। येशूले भन्नुभयो, "साबथ दिनमा असल गर्नु न्यायोचित छ" (मत्ती १२:१२ रूपान्तरित)।

चर्चका धेरै विश्‍वासीहरूले अरूको स्याहार गरेर धेरै राम्रो काम गरिरहेका हुन्छन्। तर हामीमध्ये कतिपयले अहिले हामीहरूले गरिरहेको भन्दा बदी सहयोग गर्नु जरुरी छ भनेर महसुस गरिरहेका हुन्छौं। मानिसहरूले दुःख पाइरहेका छन्, मानसिक चोटमा परिरहेका छन्, जाति विभाजन र विपन्नताको कारण दविएर, हेपिएर, पिछडिएर र कतिपयले तिनीहरूलाई बिर्सिरहेका हुन्छन्। तिनीहरूप्रति परमेश्‍वरले वास्ता गर्नुहुन्छ भन्ने कुरो हामीलाई थाहा छ। त्यसकारण हामीले पनि ती मानिसहरूको वास्ता गर्नुपर्छ। हप्ताभरि हामीहरूको नियमित काममा लाग्न र त्यसको चापबाट अलगिन हामीलाई आदेश दिइएको छैन। तर साबथ दिनमा विशेष गरेर विभिन्न कारणले विपन्न वर्ग हुनपुगेकाहरूप्रति चासो देखाएर हाम्रो ध्यान त्यसतर्फ केन्द्रित गर्न पनि साबथको सत्यतालाई पालन गर्दै सक्रिय हुन यस दिनले आह्वान गर्दछ। "चौथौं आज्ञा अनुसार साबथ विश्राम गर्न र धार्मिक तथा आत्मिक आराधना गर्न समर्पण गरिएको दिन हो। हप्ताभरि घरधन्धा वा आयआर्जनको निम्ति गरिएको काम साबथमा रोकिनुपर्दछ। साबथ दिनमा दया, करुणा, परोपकारीय र उदार हृदयले गरेको काम परमेश्‍वरको उद्देश्य अनुसार हुनेछ।...कष्टमा परेकाहरूको उद्धार गर्नु, दुःख तथा शोकमा परेकाहरूलाई सान्त्वना दिनु आदिले प्रेमको झलक देखाउँछ। यी कामहरूले परमेश्‍वरको पवित्र दिनको गरिमालाई आदर गर्दछ।"-एलेन जी ह्वाइट, *वेलफेयर मिनिस्त्री,* पृ. ७७बाट रूपान्तरित। **साबथ दिनमा अरूहरूको भलाईको निम्ति तपाईं के गर्न सक्नुहुन्छ?**

## ५. जमिनलाई विश्राम दिन साबथ

इस्राएली राष्ट्रको जीवनको प्रत्येक पलपलमा साबथको गरिमा कसरी गाँसिएको थियो भनेर हामीले हेर्‍यौं। तर साबथको नीति केवल प्रत्येक हप्ताको एकदिनमामात्र सिमित गरिएको छैन। प्रत्येक सात वर्षमा विशेष विश्रामको दिन पनि समावेश भएको पाइन्छ। प्रत्येक सात सात वर्षमा एक वर्षको विश्राम पछि पुनर्स्थापना वा स्वर्ण जयन्ति मनाउन पनि यस साबथको आदेशमा उल्लेख गरिएको छ अर्थात् प्रत्येक ५० वर्षमा विशेष उल्लाससाथ साबथ पर्व मनाउन इस्राएलीहरूलाई अऱ्हाउनुभएको थियो।

लेबी २५:१-३४मा इस्राएलीहरूलाई अत्यन्तै उल्लेखनीय आदेश परमेश्वरले मोशाद्वारा दिनुभएको लेखिएको छ। यदि ती नीतिहरू हामीहरूको जीवनमापनि समावेश गर्न सकियो भने हाम्रो समाजको जीवन कस्तो हुने होला? हेर्नुहोस्ः “१ परमप्रभु मोशासित सीनै पर्वतमा बोल्नुभयो २ र इस्राएलका मानिसहरूलाई यी नियमहरू दिने आज्ञा गर्नुभयो, जब तिमीहरू परमप्रभुले दिनुभएको देशमा पस्नेछौ, तब सातौं वर्षमा जमिनमा केही कुरो नरोप्नू र त्यसरी परमप्रभुलाई आदर दिनू। ३ तिमीहरूले आफ्ना खेतबारीमा ६ वर्षसम्म अन्न लाउनू, दाखबारी छिँवल्नू र आफ्ना अन्न बटुल्नू। ४ तर सातौं वर्ष जमिनको निम्ति परमप्रभुलाई अर्पण गरिएको पूरा विश्रामको वर्ष हुनेछ। त्यस वर्ष खेतमा अन्न नलाउनू अनि दाखबारी नछिंवल्नू। ५ नरोपी आफैं उम्रेका बाली पनि नबटुल्नू अनि नछिंवलेका दाखबारीबाट अङ्गुर नटिप्नू। यो जमिनको निम्ति पूरा विश्राम गर्ने वर्ष हो। ६ त्यस वर्ष जमिनमा अन्न नरोपेको भए तापनि त्यस जमिनले तिमीहरूलाई तिम्रा कमारा-कमारी, ज्यालामा काम गर्न आएका व्यक्तिहरू, तिमीहरूसित बास गर्ने विदेशीहरू, ७ तिम्रा घरेलु पशुहरू र तिम्रा खेतमा भएका जङ्गली जनावरहरूको निम्ति भोजन जुटाइदिनेछ। त्यहाँ उब्जनी भएका सबै थोक खाए हुन्छ। ८ सात गुना सात वर्ष, जम्मा उनन्चास वर्ष गन्नू। ९ तब सातौं महिनाको दशौं दिन अर्थात् प्रायश्चितको दिन एक जना मानिसलाई सारा देशमा तुरही फुक्दै जान लाउनू। १० यसरी तिमीहरूले पचासौं वर्ष अलग छुट्ट्याउनू र सबै देशबासीहरूलाई स्वतन्त्रताको घोषणा गरिदिनू। त्यस वर्ष बिक्री भएका सारा सम्पत्तिहरू तिनका पहिलेका मालिकहरू वा तिनका सन्तानलाई फर्काइदिनू। अनि कमारा बनाएर बेचिएको जो छ, त्यो आफ्नो परिवारमा फर्की जाओस्। ११ तिमीहरूले आफ्ना खेतमा अन्न नरोप्नू वा आफैं उम्रेका अन्नबाली नबटुल्नू वा नछिँवलेको दाखबारीबाट अङ्गुर नटिप्नू। १२ त्यो वर्षभरि तिमीहरूको लागि पवित्र हुनेछ र खेतबारीमा आफैं उब्जनी भएका अन्न मात्र तिमीहरूले खानेछौ। १३ त्यो वर्ष बिक्री भएका सबै सम्पत्तिहरू तिनका पहिलेका मालिकहरूलाई फर्काइदिनू। १४ यसरी तिमीहरूले आफ्नो इस्राएली छिमेकीसित जमिन किन-बेच गर्दा अनुचित व्यवहार नगर्नू। १५ अर्को आउने पुनर्स्थापनको वर्षसम्ममा कति वर्ष जमिनले अन्न उब्जाउन सक्छ, त्यही बमोजिम जमिनको दाम तोकिनुपर्छ। १६ उब्जनीका वर्षहरू धेरै छन् भने दाम धेरै हुनेछ, कम छन् भने दाम कम हुनेछ किनभने जमिनले कति बाली दिन्छ, त्यहीअनुसार जमिनको दाम तोकिनुपर्छ। १७ आफ्नै इस्राएली

भाइलाई नठग तर परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञा मान। १८
परमप्रभुका सबै नियम र आज्ञाहरू पालन गर र तिमीहरू देशमा कुशलसित
जिइरहनेछौ। १९ जमिनले अन्न उमार्नेछ र तिमीहरूले पर्याप्त खान पाउनेछौ र
सुरक्षासँग बास गर्नेछौ।
२० बाली-नाली नलाउने र अन्न नबटुल्ने सातौं वर्षमा के खाने भनी
कसैले सोध्ला। २१ परमप्रभुले छैटौं वर्षमा जमिनलाई आशिष् दिनुहुनेछ र त्यस
वर्ष दुई वर्षसम्म खान पुग्ने उब्जनी हुनेछ। २२ आठौं वर्ष जब तिमीहरूले
आफ्ना खेतबारीमा अन्न लाउनेछौ, तब तिमीहरूले छैटौं वर्षमा बटुलेको उब्जनी
नै खाइरहेका हुनेछौ र त्यस वर्षमा लाएको अन्नबाली नबटुलुञ्जेलसम्म पुग्दो
खानेकुरा तिमीहरूसित हुनेछ। २३ तिमीहरूले जमिन सधैंको लागि बेच्नुहुन्न
किनभने त्यो तिमीहरूको जमिन होइन, त्यो परमेश्वरको हो र तिमीहरू ती
चलाउनलाई अनुमति पाएका विदेशीहरूजस्ता हौ। २४ जब जमिन बिक्री हुन्छ,
पहिलेको मालिकले त्यो निखन्ने अधिकार पाउनेछ। २५ कुनै इस्राएली गरीब
भयो र आफ्नो जमिन बेच्न त्यसलाई कर लाग्यो भने त्यसको सबैभन्दा
नजिकको साइनो पर्ने मानिसले त्यो जमिन जसलाई बेचेको छ, त्यसबाट
किनोस्। २६ कसैको जमिन किन्नलाई नजिकको साइनो पर्ने मानिस छैन भने
त्यो आफैंले पछिबाट प्रशस्त धन कमाएर सो जमिन आफैं किन्न सक्छ। २७
त्यसो हो भने त्यसले आफूबाट जमिन किन्ने मानिसलाई आउँदो पुनर्स्थापनको
वर्षसम्म बाँकी रहेका वर्षका निम्ति पाइने फसलको दाम बराबर धन दिनुपर्नेछ।
आखिरी त्यस वर्ष त्यसले जमिन फिर्ता पाउने नै हो। २८ तर त्योसँग जमिन
फेरि किन्नलाई चाहिँदो धन छैन भने त्यस जमिनमाथि अर्को पुनर्स्थापनको
वर्षसम्म किन्ने मानिसको अधिकार रहनेछ। त्यस वर्ष पहिलेको मालिकलाई
जमिन फर्काइनेछ। २९ कुनै मानिसले पर्खाल लाएको सहरभित्रको घर बेच्यो
भने बेचेको एक वर्षभित्र सो घर निखन्ने हक त्यसको रहनेछ। ३० तर एक
वर्षभित्र त्यसले घर किनेर फिर्ता लिएछ भने त्यसले घर फेरि किन्ने हक
गुमाउनेछ। घर सधैंको लागि किन्नेको र त्यसका सन्तानको सम्पत्ति हुनेछ।
त्यो त्यसलाई पुनर्स्थापनको वर्षमा पनि फर्काइनेछैन। ३१ तर पर्खाल नलाएका
गाउँ-बस्तीमा भएका घरहरूचाहिँ जमिन बराबर मानिनेछन्। पहिलेको मालिकको
ती निखन्ने हक रहनेछ अनि पुनर्स्थापनको वर्षमा ती त्यसले फिर्ता पाउनेछ।
३२ तथापि लेवीहरूसित भने, आफू बस्नलाई खटाइएका सहरभित्र आफ्ना
सम्पत्ति कुनै पनि समयमा निखन्ने हक रहनेछ। ३३ कुनै लेवीले त्यस्ता

**सहरभित्र भएको कुनै घर बेचेको छ र त्यो किनेर फिर्ता लिएको छैन भने, त्यो घर पुनर्स्थापनको वर्षमा उसलाई फर्काइदिनुपर्नेछ किनभने इस्राएलीहरूको बीचमा लेवीहरूका सहरभित्र भएका आफ्ना घरहरू तिनीहरूका स्थायी सम्पत्ति हुन्। ३४ तर लेवीहरूका सहरका चारैपट्टिका गाई-वस्तु चर्ने खर्क कहिल्यै पनि नबेचिओस्, त्यो सदाकालको लागि तिनीहरूकै सम्पत्ति हो।"**

साबथ वर्ष अर्थात सात वर्षको एक वर्ष खेतबारी बाँझो राख्न आदेश दिएको थियो। यसले जमिनलाई कसरी जतन गर्ने भन्ने शिक्षा दिइएको छ। त्यो बाँझो राख्ने नीति बुद्धिमानीपूर्ण छ भनेर कृषी क्षेत्रमा मानिएको छ।

दासहरूको निम्ति सातौं वर्ष धेरै महत्त्वपूर्ण वर्ष मानिएको छ ( जसरी प्रस्थान २१:१-११मा यसरी उल्लेख गरिएको छ “१ "इस्राएलीहरूलाई यी नियमहरू दिनू। २ तिमीहरूले हिब्रू कमारो किन्यौ भने त्यसले छ वर्षसम्म तिमीहरूको सेवा गर्नेछ। सातौं वर्षमा सित्तैमा त्यसलाई छोडिदिनू। ३ त्यो कमारो भएर आएको बेलामा विवाह नगरी आएको थियो भने त्यो गएको बेलामा पनि त्यसको पत्नी नलगी एक्लै जाओस्। तर त्यो विवाह गरेर आएको थियो भने त्यसले आफ्नी पत्नी लिएर जाओस्। ४ त्यसको मालिकले त्यसलाई पत्नी दिएका भए र त्यसबाट छोरा-छोरी जन्मिए भने ती पत्नी, छोरा-छोरीहरू मालिकका हुनेछन् र त्यो एक्लै जाओस्। ५ तर त्यस कमाराले म आफ्ना मालिक, पत्नी, छोरा-छोरीहरूलाई माया गर्छु र स्वतन्त्र हुन चाहन्नँ भन्यो भने ६ मालिकचाहिँले त्यसलाई पुज्ने स्थलमा लैजाओस् र त्यहाँ ढोका वा ढोकाको खम्बामा त्यसलाई खडा गरेर त्यसको कान छेडिओस्। त्यसो गरेपछि त्यो आफ्नो जीवनभरि कमारो भइरहनेछ। ७ "कुनै मानिसले आफ्नी छोरीलाई कमारी बनाएर बेचेको छ भने त्यो केटी कमाराहरूजस्तो स्वतन्त्र भएर जान पाउनेछैन। ८ कसैले त्यसलाई पत्नी बनाउन किनेको थियो र अब आफ्नी पत्नी बनाएर राख्न मन पराउँदैन भने त्यो केटीलाई त्यसकै बुबालाई बेचिदेओस्। त्यसको मालिकले त्यसलाई कुनै विदेशीको हातमा बेच्न सक्नेछैन किनभने त्यसले कमारीलाई अन्याय गरिसकेको छ। ९ कुनै मानिसले आफ्नो छोरोको लागि कमारी किनिदिएको छ भने त्यसलाई छोरीजस्तै गरोस्। १० कुनै मानिसले अर्की पत्नी ल्यायो भने त्यसले अघिल्ली पत्नीलाई खानपान, लुगाफाटा र अघिझैं पत्नीको अधिकार दिइराखोस्। ११ यदि त्यस मानिसले आफ्ना यी कर्तव्यहरू पूरा गर्दैन भने त्यसले अघिल्लो पत्नीलाई एक पैसा नलिई स्वतन्त्र गरेर छोडिदेओस्")।

आर्थिक विपन्नता वा ऋणले गर्दा कुनै इस्राएली आफू बेचिन वाध्य भएर कसैको दास हुनुपरे सातौं वर्षमा त्यो इस्राएलीलाई स्वतन्त्र हुने अधिकार दिइएको थियो। फेरि कुनै इस्राएलीले अर्को इस्राएलीलाई दिनुपर्ने भारि ऋण छ भने प्रत्येक सात वर्षमा त्यो मिनाहा गर्न पनि आदेश दिइएको छ (यस सन्दर्भमा व्यवस्था १५:१-११म यसरी लेखिएको छ “१ "हरेक सातौं वर्षको अन्तमा तिमीहरूले ती मानिसहरू जसले तिम्रा पैसा ऋण लिएका छन्, त्यस ऋणलाई माफी गरिदेओ। २ त्यो यस प्रकारले गर्नू। ज-जसले आफ्ना सङ्गी इस्राएलीलाई पैसा ऋण दिएका छन्, तिनीहरूले ऋण छोडिदिनू, ती उठाउने काम नगर्नू। ती ऋण मेटिएका छन् भनी परमप्रभु आफैंले भन्नुभएको छ। ३ विदेशीले लिएको ऋण उठाउन सक्छौ तर आफ्नै दाजुभाइहरूले लिएका ऋण नउठाउनू। ४ "परमप्रभु तिम्रा परमेश्वरले तिमीहरूलाई दिन लाग्नुभएको देशमा तिमीहरूलाई आशिष् दिनुहुन्छ। तिमीहरूमध्ये कोही पनि गरीब हुनेछैन। ५ यदि तिमीहरूले उहाँका आज्ञा मान्यौ र मैले आज आज्ञा गरेका सबै कुराहरू होशियारीसाथ पालना गऱ्यौ भने तिमीहरूमध्ये कोही पनि गरीब हुनेछैन। ६ आफ्नो प्रतिज्ञाअनुसार परमप्रभुले तिमीहरूलाई आशिष् दिनुहुनेछ। तिमीहरूले धेरै जातिहरूलाई ऋण दिनेछौ तर कसैबाट ऋण लिनुपर्नेछैन। धेरै जातिहरूलाई तिमीहरूले आफ्ना वशमा ल्याउनेछौ तर तिमीहरूलाई कुनै जातिले वशमा पार्न सक्नेछैन। ७ "परमप्रभु तिम्रा परमेश्वरले दिन लाग्नुभएको देशका कुनै सहरमा एउटा सङ्गी इस्राएली अभावमा छ भने तिमीहरू स्वार्थी बनी उसलाई मद्दत गर्न इन्कार नगर। ८ त्यसको सट्टामा उदार-चित्तको भएर उसलाई चाहिएको जति ऋण देओ। ९ ऋण मेटिदिने साल नजिकै छ भनेर उसलाई ऋण दिन इन्कार नगर। यस्तो दुष्ट विचार तिम्रो मनमा पस्न नदेओ। तिमीहरूले ऋण दिन इन्कार गऱ्यौ भने उसले तिम्रा विरुद्धमा परमप्रभुकहाँ बिन्ती चढाउनेछ र तिमीहरू दोषी ठहरिनेछौ। १० उसलाई खुल्ला हातले बिनास्वार्थ देओ र तिमीहरूले गरेको हरेक काममा परमप्रभुले तिमीहरूलाई आशिष् दिनुहुनेछ। ११ सधैं कोही न कोही इस्राएली गरीब र अभावमा हुनेछ र तिनीहरूप्रति उदार-चित्तका होओ भनी म तिमीहरूलाई आज्ञा गर्दछु"))।

प्रत्येक सात वर्षको अन्तिम वर्षमा वर्षभरि जमिनमा केही नरोप्नु र त्यसलाई बाँझो राख्नु भन्ने निर्देशनले मन्नाको याद दिलाउँछ। जसरी प्रत्येक दिन तिनीहरूलाई मन्ना दिइएको थियो र साबथ दिनमा मन्ना दिइएको थिएन।

त्यसरी नै सातौं वर्षमा जमिन खालि राख्ने निर्देशनले ती इस्राएलीहरूलाई त्यस वर्ष वा साबथको वर्षमा पनि पहिलेको जस्तै तिनीहरूलाई चाहिने उब्जनी दिइनेछ भनेर उहाँको वचनमा विश्वस्त हुन दिनु हो। त्यसरी साबथ वर्षमा नै कुनै दासलाई फुक्का गरिदिनु र कसैको ऋण मिनाहा गरिदिनु पनि करूणाको काम गरेर देखाउनु नै थियो जसले गर्दा शक्तिशाली परमेश्वरले तिनीहरूको आवश्यकता पूरा गरिदिनुहुनेछ भनेर उहाँमाथि भरोसा राख्न सिकाइएको थियो। अर्को अर्थमा भन्ने हो भने आफूलाई चाहिने धनसम्पत्ती थुपार्न वा चाहिएको कुरा पाउन मानिसहरूले अर्को मानिसहरूलाई शोषण गर्नु पर्ने आवश्यकता नै छैन भन्ने शिक्षा त्यस नियमले सिकाएको थियो।

सारा इस्राएलीहरूको सामाजिक जीवनशैलीको संरचनामा साबथको नीति र ढाँचाहरू अत्यन्तै निकटरूपमा बुनिएको थियो। त्यसै गरि वर्तमान अवस्थामा पनि साबथ दिनलाई उल्लासपूर्ण तरिकाले पालन गर्दा हप्ताको छ दिनलाई पनि आत्मिक अनुशासनमा राखेर हाम्रो जीवनशैलीमा मौलिक परिवर्तन त्याउने अवधारणालाई हामीले ख्याल गर्नुपर्छ। व्यवहारिक रूपमा हेर्ने हो भने उहाँको राज्यलाई पहिले खोजि गर भन्ने येशूको वाणीलाई उतारेर देखाउनु हो भनेर साबथको पालनाले देखाउँछः “स्वर्गमा रहनुहुने तिम्रो परमेश्वर पितालाई तिमीलाई के आवश्यकता छ सो थाहा छ।...तिमीलाई आवश्यकता भएको सबै थोक उहाँले उपलब्ध गराउनुहुनेछ" (मत्ती ६:३२,३३ रूपान्तरित)। (तर याद गर्नुहोस् हप्ताको छ दिन आफ्नो आयआर्जन गर्न परिश्रम गर भन्ने परमेश्वरको सल्लाह नभएर आदेश हो। कुनै पनि राज्यमा नीति भएन भने त्यो राज्य सुव्यवस्थित रूमा चल्दैन। परमेश्वरको राज्यमा पनि नीति छ। त्यो नीति हो साबथ जसमा छ दिन काम गर भनेर आदेश दिइएको छ। छ दिन केही काम नगर्ने र हात बाँधेर बस्ने अनि परमेश्वरको राज्य खोजेको भन्दै उहाँको आशिषको अपेक्षा गर्नु कुनै पनि इसाईलाई दावी गर्न सुहाउँदैन न त त्यस्तो कुरालाई साबथको नीतिले इजाजत दिन्छ-अनुवादकको व्यक्तिगत धारणा)।

**तपाईंले साबथलाई उल्लासपूर्ण तरिकाले पालन गर्नुहुँदा अरू दिनहरूलाई त्यसले असर पारेको कसरी पाउनुभएको छ? यदि तपाईं हप्ताभरि लोभी, स्वार्थी, शोषक बन्ने अर्थात् आइतबारदेखि शुक्रबारसम्म कसैको वास्ता गर्नुहुन्न भने त्यहाँ साबथको अर्थ साँच्चिकै केही रहन्छ त? अर्थात् साबथ दिनमा पनि त्यही नकारात्मक आनिवानी छ भने साबथ तपाईंको निम्ति के फरक दिन हुनसक्छ र?**

**उपसंहारः**

**थप जानकारीः यस अध्यायको विषयमा थप जानकारी चाहे एलेन जी ह्वाइटद्वारा लिखित देहायका सामग्रीहरू पढ्न सुझाव दिइएको छः** *पाट्रियार्क एण्ड प्रोफेटस,* पृ. २९५-२०७को "फ्रम द रेड सी टु साइनाई", *द दिजाएर एजेज,* पृ. २८१-२८९को "द साबथ।" साथै सिगभी के टोनस्टाडद्वारा लिखिन *द लस्ट मिनिङ्ग अभ द सेभेन्थ डेको* पृ. १२५-१४३को "द सोसिएल कनिसियस अभ द सेभेन्थ डे।"

"दुःख कष्टमा परेकाहरूलाई राहत दिनु साबथको नीति अनुरुप कै विषय हो भनेर ती फरिसी पण्डितहरूलाई सुनाउनुभएको थियो। आहत वा कष्ट भोगिरहेका मानवको सेवा गर्न स्वर्ग र पृथ्वीमा ओहोरदोहोर गर्ने परमेश्वरका स्वर्गदूतहरू लागिरहन्छन् भने हामीले पनि दुःखमा परेका मानिसहरूको उद्धार गर्नु ती स्वर्गदूतहरूको सहमतिमा चल्नु सरह हो भनेर ठान्नुपर्छ।....

"**त्यसकारण** साबथ दिनमा पनि मानिसले काम गर्नु आवश्यक छ। जीवनमा चाहिने आवश्यकताहरूलाई निरन्तररूपमा ध्यान दिनु जरुरी छ। विरामीहरूको सेवा गर्नैपर्छ। आवश्यक परेकाहरूलाई दिइने राहत दिनुनै पर्छ। साबथ भयो भन्दैमा कुनै मानिसले आफ्नो क्षमता अनुसार कष्टमा परिरहेकाहरूलाई वेवास्ता गर्दा परमेश्वरले त्यसलाई निर्दोष ठहराउनुहुन्न। परमेश्वरको विश्रामको दिन मानिसको निम्ति बनाइएको हो। दया, करुणा र उदारताका कामहरू त्यस साबथ दिनमा पनि गर्नुपर्ने मनशाय त्यहाँ भएकोले ती कामहरू त्यस दिनसँग पक्का तालमेल भएका हुन्छन्। आफ्ना कुनै पनि जीवहरूले एक घन्टा पनि कष्ट पाएको परमेश्वर चाहनुहुन्न। त्यो साबथ दिनमा होस् वा अरू कुनै दिनमा।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २०६,२०७बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) **साबथ दिन पालन गर्दा तपाईं परमेश्वरमा कतिको भर पर्नुभएको थियो भनेर देखाएको केही उदाहरणहरू छन् त? तपाईंले परमेश्वरमाथि पूरा भरोसा राख्नुभएकोले तपाईंको जीवनमा के मन्ना जस्तो आशषिको वर्षा भएको अनुभव गर्नुभएको छ जसमा तपाईंलाई चाहिने आवश्यकता परमेश्वरले पुऱ्याइदिनुभएको होस्?**

आ) **चौथौं आज्ञा प्रस्थान २०:८-११ र व्यवस्था ५:१२-१५मा उल्लेख गरिए अनुसार साबथका विभिन्न पक्षहरूलाई परमेश्वरले सम्बोधन गर्नुभएको हामीले हेर्‍यौं। साबथको कुन् पक्षलाई तपाईंले सऱ्हाहना गर्नुभएको छ?**

इ) **साबथको मामिलालाई लिएर तपाईंको समाजमा तपाईंले पाउनुभएको आशिष कसरी बाँड्ने सो सोच्नुहोस्।**

ई) **साबथले गर्दा तपाईंको जीवनमा कस्तो खालका परिवर्तनहरू आएका छन्? के तपाईंसँग केही नीति वा तपाईंको जीवनमा केही ढाँचाहरू छन् जसमा साबथको गरिमाले झन ठूलो असर पारेको होस्?**

**सारांशः** परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको थियो र उहाँ नै हाम्रो उद्धारक हुनुहुन्छ भनेर याद दिलाउन उहाँले साबथ दिनुभएको थियो। परमेश्वरले हामीहरूको जीवनमा चाहिने थोकहरू उपलब्ध गराउनुहुन्छ भन्ने शिक्षा साबथले सिकाउँछ। हाम्रो जीवनको सबै पक्षहरूलाई र परमेश्वर र अरूसँगको सम्बन्धलाई मौलिक रूपमा परिवर्तन गर्न साबथको आत्मिक अनुशासनले सहयोग गर्दछ भन्ने कुरालाई हामीले बिर्सनुहुन्न। बिरामीहरूलाई निको पार्नुभएर उहाँले दिनुभएको साबथको गरिमाको आदर्शलाई येशूले प्रदर्शन गरेर देखाउनुभएको थियो। साबथमा आवश्यक परेकाहरूको सेवा गर्नु न्यायोचित छ भनेर उहाँले नै हामीलाई देखाउनुभएको थियो।

## कथा ३

## अवकाश लिने योजना छैन

## ओहोकानामामाकेभी, ६६,पापुवा न्यु गिनी

पापुवा न्यु गिनीमा चर्चको निम्ति काम गरिरहेका धेरै कर्मचारी र पास्टरहरू छन्। जब तिनीहरू आफ्नो कामबाट अवकाश पाउँछन् तब धेरै जसो तिनीहरू आआफ्नै गाउँहरूमा गएर आफ्नो घर र परिवारसँग आफ्नो जीवनको अन्तिम समय बिताउँछन्।

नोट ओहोकानामामाकेभी, साउथ पासिफिक देशमा रहेको युरा गाउँको आदरणीय र वयोवृध्द पास्टर हुनुहुन्छ। उहाँले धेरै वर्षसम्म चर्चमा पास्टरीय काम गर्नुभयो। चर्चमा काम गर्ने उहाँको अवधि पुगेपछि उहाँले आफ्नो कामबाट अवकास लिनुभयो। तर उहाँ त झन पो अति व्यस्त हुनुभयो। अवकास पाएपनि पूरा समय प्रार्थनाको सेवा कार्य संचालन गर्न परमेश्वरले उहाँलाई खटाउनुभएको उहाँले महसुस गर्नुभयो। उहाँको प्रार्थना परमेश्वरले विशेष तरिकाले सुन्नुहुन्छ भनेर थाहा पाएर पपुवा न्यु गिनीका बासिन्दाहरूको बीचमा पास्टर ओहोकानामामाको नाउँ प्रख्यात भयो। एडभेन्टिस्ट होस् वा नहोस् विभिन्न मानिसहरूले उहाँको मोबाइलमा सम्पर्क गरेर हुन्छ कि उहाँकै घरमा आएर हुन्छ परमेश्वरसँग प्रार्थना गरिदिन अनुरोध गर्दथे। उहाँ र उहाँको परिवार जङ्गलै जङ्गल भएको पहाडी इलाकामा बस्नुहुन्थ्यो। उहाँको किताबमा प्रार्थनाको निम्ति लामो सूची हुन्थ्यो र हरेक बिहान र बेलुका त्यही सूचीको आधारमा परमेश्वरसँग प्रार्थना गर्नुहुन्थ्यो।

एक दिन अर्कै इसाई सम्प्रदायको पास्टर पास्टर ओहोकानामामाको घरमा देखा परे। आगन्तुक पास्टर रिकी अर्कै जिल्लामा बस्दथे। उनले पास्टर ओहोकानामामाको प्रार्थना सेवाकार्यको बारेमा जब उनी युरामा चर्चको कुनै विशेष कामको निम्ति गएका थिए। रिकी एक्लै आएका थिएनन्, उनले आफ्नी दुई गर्भवती श्रीमती पनि ल्याएका थिए। "मेरी श्रीमतीको निम्ति प्रार्थना गर्नुहोस्। उनको बच्चा पाउने समय धेरै नाघि सक्यो र हामी धेरै चिन्तित छौं" पास्टर ओहोकानामामालाई रिकीले बिन्ति गरे। पास्टर ओहोकानामामाले त्यस महिलालाई जैतुनको तेलले अभिषेक गर्नुभयो अनि उनको निम्ति प्रार्थना गर्नुभयो। त्यसको दुई दिनपछि ती महिलाले एक स्वस्थ बालिका जन्माइन्।

अर्को साबथ पास्टर रिकी आफ्नी श्रीमतीको साथमा छ छोराछोरीहरूसँग एडभेन्टिस्ट चर्चमा गए। तिनीहरूको साथमा भर्खर जन्मेकी बालिका पनि थिइन्।

पास्टर ओहोकानामामाले रिकी र उनकी श्रीमतीलाई बप्तिस्मा क्लासमा आउनको निम्ति निम्तो दिनुभयो। त्यो क्लास पास्टर ओहोकानामामाले नै लिने गर्नुहुन्थ्यो। ती जोडीसँग ८ वर्ष र १२ वर्षको अरू छोराछोरीहरूले पनि पास्टर ओहोकानामामाको क्लासमा बाइबल अध्ययन गर्न थाले। धेरै महिनापछि सन २०१७मा ती जोडी र तिनीहरूका पाँच जना छोराछोरीहरूले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए।

"रिकीले आफ्नो पुरानो चर्चमा पास्टरी काम छोडे र अहिले उनी चर्चको विश्वासिलो सदस्य भएका छन्" पास्टर ओहोकानामामाले यी लेखकलाई सुनाए। रिकीले बप्तिस्मा लिएपछि उनको चर्चको अर्को ठूलो पास्टर अगुवा गाउँमा रहेको एडभेन्टिस्ट चर्चमा आए। उनलाई साबथमा प्रवचन दिन अनुरोध गरियो। उनी उठेर अत्यन्तै भावुक भएर आँखाबाट आँशु झार्दै उनले सबैको मनमा छुने गरेर प्रवचन दिए। "मैले रिकीको निम्ति धेरै समय बिताएँ र लगानी गरें। उनलाई मलाई छोडेर तिमीहरूको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा आए। जसरी मैले उनलाई स्याहार गरें अब तपाईंहरूले पनि उनलाई राम्रोसँग स्याहार गर्नुभएको छ" आँखाबाट आँशु झार्दै उनले आफ्नो भावना व्यक्त गरे। त्यही कुरा गरेपछि रिकीको निर्णयप्रति उनले आशिष दिए। रिकी पास्टर भएर काम गरिरहँदा उनको दुई वटा कापीकलम बेच्ने पसलहरू थिए र कारहरू बहालमा दिने काम गर्दथे। बप्तिस्मा लिइसकेपछि उनले पास्टर ओहोकानामामालाई आफ्नो पसलमा बोलाएर आफ्नो व्यापार परमेश्वरमा समर्पण गर्न प्रार्थना गर्न बोलाए। पास्टर ओहोकानामामाले त्यो अनुरोधलाई सहर्ष स्वीकार गरे।

"मेरो प्रार्थनाको फलमध्ये रिकी एक पनि जना हो। यस सेवाकार्यमा मैले धेरै पास्टहरूको निम्ति प्रार्थना गरेको छु" खुशी व्यक्त गर्दै वर्ष ६६को पास्टर ओहोकानामामाले यी लेखकलाई सुनाए। मिसनमा काम गरेर अवकास भएपछि कतिपयले मिसनको काम सघाउन वास्ता गर्दैनन्। तर पास्टर ओहोकानामामाले परमेश्वरको कामबाट अवकास नलिने निधो गर्नुभएको छ। तपाईं नि? यस त्रैमासिक भेटीको केही भाग पास्टर ओहोकानामामा भएको गाउँमा बालसङ्गतिको निम्ति कोठाहरू बनाउन सहयोग मिल्नेछ।

*-आन्द्रु मेकचेस्नी*